बैठक संख्या :

मिति : २०८२।०३।०९

समय : १:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यु को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं. ३ अध्यक्ष | सुरथ बहादुर रावल | | |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

निर्णय नं १ – सिंजा गाउँपालिकाको आगामी आ व २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रम १६ औं बजेट अधिवेशनमा मिति २०८२/०३/१० गते पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २ - सिंजा गाउँपालिकाको आगामी आ व २०८२/८३ को लागी आय- व्ययको अनुमानित विवरण बजेट १६ औं बजेट अधिवेशनमा देहाय बमोजिमको विवरण सहितको कुल बजेट रु. ४७,२२,३५,००७.४५।- अक्षेरुपी (सत्तचालिस करोड बाईस लाख पैतिस हजार सात रुपैया पैचालिस पैसा) मात्र को बजेट मिति २०८२/०३/१० गते पेश गर्ने निर्णय गरियो । साथै स्थानीय तहको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र सामुदायीक संघसंस्थाले आफ्नो बार्षिक योजना कार्यक्रम तथा बजेट स्थानीय तहको बार्षिक योजना कार्यक्रम तथा बजेटमा समावेश गरेर मात्र कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

तपसिलः

<u>गाउँपालिका</u>

- अल्याहरु रु. १,५५,००,०००।–
- आन्तरीक श्रोत रु. २८,२२,०००।–
- वित्तिय समानिकरण अनुदान रु. ९,२३,००,०००।–
- राजस्व बाँडफाँड रु. ७,७२,८०,७२४।–
- सशर्त अनुदान रु. १७,७६,००,०००।–
- समपुरक अनुदान रु. १,३९,००,०००।–
- विशेष अनुदान रु. १,५०,००,०००।–
- कर्णाली प्रदेश वित्तिय समानिकरण रु. १,१७,९८,०००।–
- सवारी साधन कर बाँडफाँडको रु. १२,०२,९२८।४५
- कर्णाली प्रदेश सशर्त अनुदान रु. १,८८,०१,०००।–
- सुस्वा परियोजना रु. ३,२७,५७,०००।–

जम्मा रु. ४५,८९,६१,६५२।४५ ( पैचालीस करोड उनानब्बे लाख एकसट्ठी हजार छ सय बाउन्न रुपैया पैचालीस पैसा मात्र)

<u>गैर सरकारी सघं संस्था</u>

- पेस नेपाल रु. १,२२,८८,३५५।–
- क्याड नेपाल रु. ९,८५,०००।–

कुल बजेट रु. ४७,२२,३५,००७।४५ अक्षेरुपी (सत्तचालिस करोड बाईस लाख पैतिस हजार सात रुपैया पैचालिस पैसा) मात्र

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नराकोट,जुम्ला
कर्णाली प्रदेश नेपाल

निर्णय नं ३- सिंजा गाउँपालिकाको आगामी आ व २०८२/८३ को लागी राजस्व परामर्श सिमिति द्धारा आर्थिक ऐन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४ - सिंजा गाउँपालिकाको-१४ औ बजेट अधिवेशनद्धारा स्वीकृत भएका योजना र कार्यक्रमहरु चालु आ ब को अन्त्य सम्म पनि निर्माण सम्पन्न हुन नसकेकाले र सम्बन्धित वडाका बस्तीहरुमा उपभोक्ताहरुले आवश्यकता रहेको भन्ने निवेदनहरु प्राप्त भएकाले आगामी आ ब मा सञ्चालन गर्ने गरी आर्थिक दायित्व र जिम्मेवारी सार्ने निर्णय गरियो ।

निर्णय नं ५ – सिंजा गाउँपालिकाको सङ्घीय सशर्त अनुदान अन्तर्गत प्राविधिक विद्यालय सञ्चालन अनुदान वितरण कार्यविधि अनुसार मिति २०८२/०२/०६ गते १५ दिने सुचना प्रकाशन गरी प्रस्तावना माग गरिएकोमा रित पूर्वक एक मात्र प्रस्तावना श्री मालिका मा बि धाँपा पर्न आएकोले उक्त विद्यालयलाई प्राविधिक शिक्षा तर्फ कार्यक्रम सञ्चालन तथा व्यवस्थापन अनुदानका निम्ती छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ६ – सिंजा गाउँपालिकामा कार्यरत करार सेवामा सेवा कार्यरत, शिक्षक, स्वास्थ्य स्यंम सेवक, कर्मचारी र अन्य कर्मचारीहरुको निरन्तरता सम्बन्धमा छलफल गरी कार्यालयको सम्बन्धित शाखाले गाउँपालिकाका पदाधिकारी ज्युहरुको प्रत्यक्ष संलग्नतामा स्थलगत रुपमा अध्ययन अनुसन्धान गरेर प्राप्त प्रतिवेदनका आधारमा गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ७- सिंजा गाउँपालिकामा रहेका सुनौला हजार दिनका आमाहरुलाई विपन्न तथा गरिब दलित जनजाती समुदायका महिलाहरुलाई आय आर्जन को कार्यक्रम सञ्चालनका लागी प्रत्येक वडा बाट ४ जनाका दरले २० जना र वडा नं ४ बाट ५ जना गरी २५ जनाको समुहलाई छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं ८ – स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ बमोजिम १६ औ बजेट अधिवेशन बाट सुशासन विधायन र लेखा समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ९- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ बमोजिम आयोगले यस कार्यालयलाई विभिन्न मितिमा दिएका निर्देशन र सुझावहरु यथाशिघ्र कार्यान्वियन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १०- आगामी आ व २०८२/८३ मा कुनै पनि राजनीतिक दल वा तिनका भ्रातृ वा भगिनी संगठनहरुलाई आर्थिक सहायता वा अनुदान प्रदान नगर्ने निर्णय गरियो ।

सिंजा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश नेपाल

प्रमाणित
निर्णयको प्रतिलिपि
२०८२/०३/१५